आज मिति २०७९ चैत्र ३० गते बिहिबार निमित्त प्रमुख जिल्ला अधिकारी श्री अनोज कुमार घिमिरेको अध्यक्षतामा सुरक्षा निकाय तथा उद्योग बाणिज्य संघ रामेछापका पदाधिकारीहरु वीच समसामयिक विषयमा समन्वयात्मक बैठक बसी तपशिल बमोजिम निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

१. श्री अनोज कुमार घिमिरे, निमित्त प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रामेछाप ।

२. श्री राजु प्रसाद ढकाल, प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय, रामेछाप

३. श्री सुर्य राम राउत, सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वल नेपाल, आश्रित गुल्म, रामेछाप ।

४. श्री दिपक चौलागाई, प्रहरी सहायक निरीक्षक, जिल्ला ट्राफिक कार्यालय, रामेछाप ।

५. श्री केशव प्रसाद घिमिरे, निवर्तमान अध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप ।

६. श्री नारायण दाश श्रेष्ठ, पूर्व अध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप ।

७. श्री प्रकाश कुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप ।

८. श्री आकाश रिजाल, उद्योग उपाध्यक्ष, उद्योग बाणिज्य संघ, रामेछाप ।

९. श्री कुमार श्रेष्ठ, महासचिव, उद्योग बाणिज्य संघ, रामेछाप ।

१०. श्री यज्ञ प्रसाद सुवेदी, सचिव, उद्योग बाणिज्य संघ, रामेछाप ।

<u>निर्णयहरु</u>:-

१. रामेछाप उद्योग बाणिज्य संघ रामेछापको च.नं. ३२८ मिति २०७९/१२/३० गतेको पत्रबाट मिति २०८०/०१/०१ र २ गते नयाँ बर्षको अवसरमा बाणिज्य संघबाट आयोजना हुने रामेछाप साँस्कृतिक तथा सडक महोत्सवको लागि मन्थली नगरपालिका वडा नं. १ स्थित मन्थली बजार देवकोटा चोक देखि कटरबोटसम्मको सडकमा एकतर्फी यातायातको सवारी साधन संचालन हुने गरी कार्यक्रम संचालन गर्नका लागि अनुमति माग भई आएकोमा यस सम्बन्धमा छलफल गर्दा उक्त बजार क्षेत्रको मुख्य सडकमा प्रचलित कानूनको उलङ्घन नहुने गरी यातायातका साधनहरु निर्वाध रुपमा संचालनमा कुनै अवरोध नहुने तथा आम नागरिको गुनासो नआउने गरी आवश्यक व्यवस्था उद्योग बाणिज्य संघ रामेछापले गर्ने र उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
२. मुल सडकमा सवारी साधन आवतजावतको लागि सहजीकरण गर्न ट्राफिक प्रहरीसँग समन्वय गरी आवश्यक No Parking, Diversition लगायतका सूचना बोर्ड बनाउन बाणिज्य संघले सहयोग गर्ने ।
३. मुल सडकमा यात्रु लगायत अत्यावश्यकीय सेवाका सवारी साधनहरुको निर्वाध संचालन गर्ने, आवागमनमा बाधा नपुग्ने व्यवस्था मिलाउने र कार्यक्रमको क्रममा सडकमा राखिएका स्टल तथा मंञ्चलाई यथाशीघ्र हटाई सडक सरसफाई गर्ने व्यवस्था आयोजकले गर्ने ।
४. रामेछाप साँस्कृतिक तथा सडक महोत्सव सभ्य र शान्तिपूर्ण रुपमा संचालन गर्ने ।